# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र संख्या :- २०७४/०७५
चलानी नं. :- १११

मिति :- २०७४/०५/०१

**विषय : ब्रोसर पठाईएको सम्बन्धमा ।**

श्री १ देखी ९ सम्मका सबै वडा कार्यालयहरु,
दक्षिणकाली नगरपालिका, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा यस दक्षिणकाली नगरपालिकामा रहेका ९ वटै वडाहमा बैदेशिक रोजगारमा जाने/गएका व्यक्तिका परिवारको जानकारीमा ल्याउनको लागी श्रम तथ रोजगार मन्त्रालयको हातेपुस्तिका २०७४ मा समावेश भएका सुचना/सन्देशहरु लक्षित परिवारमा प्रचार प्रसार गराईदिनु हुन् अनुरोध छ साथै मन्त्रालयबाट प्राप्त हातेपुस्तिका थान १ यसै साथ संलग्न गरिएको छ ।

.............................
सुशीला पौडेल (ढकाल)
(कार्यकारी अधिकृत)

त) व्यसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी विषयको विस्तृत जानकारीको अभावमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरु विदेशमा काम गर्दाका वखत अंगभंग भइ ज्यान समेत गुमाएका घटनाहरु बारम्बार जानकारीमा आउने गरेका छन् । अबका दिनमा यस्तो स्थिती आउनै नदिनका लागि व्यसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी विषयको विस्तृत जानकारी स्वदेशमा नै लिएर मात्र वैदेशिक रोजगारमा जानका लागि आफ्ना परिवारका सदस्यलाई सम्झाइ बुझाई गरौं ।

थ) घरेलु कामदारका रुपमा वैदेशिक रोजगारमा जान चाहने व्यक्तिका लागि द्विपक्षीय श्रम सम्झौता भएका मुलुकमा मात्र रोजगारीका लागि पठाउन सकिने व्यवस्था नेपाल सरकारबाट स्वीकृत "वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७२" ले गरेको छ । तसर्थ घरेलु कामदारका रुपमा आफ्ना परिवारका कुनै सदस्य वैदेशिक रोजगारमा जान इच्छुक भएको अवस्थामा उक्त निर्देशिका तथा सम्बन्धित निकाय (वैदेशिक रोजगार विभाग तथा वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड) बाट विस्तृत र आधिकारिक जानकारी लिएर मात्र औपचारिक प्रकृया अघि बढाउन घरेलु कामदारका रुपमा वैदेशिक रोजगारीमा जान चाहने आफ्ना परिवारका सदस्यलाई सम्झाउन नविर्सिऔं ।

## वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवार लक्षित सन्देशमूलक सूचना

क) वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि नेपालमा नै कुन कम्पनीको कुन काममा कति तलबमा काम गर्ने लगायतका यावत विषयमा सम्बन्धित वैदेशिक रोजगार व्यवसायी मार्फत काम गर्न चाहने कम्पनीसग सम्झौता भइसकेको हुन्छ र यसरी भएको सम्झौता विपरीत अन्यत्रै काममा लगाउने स्थिति आइपरेमा तुरुन्त सम्बन्धित मुलुकको नेपाली दुतावास तथा वैदेशिक रोजगार विभागमा जानकारी गराई रोजगारीका लागि विदेश गएको आफ्नो परिवारका सदस्यको स्थितिलाई सहज बनाऔं ।

ख) आफ्नो परिवारको जीवनस्तर उकास्ने मुख्य ध्येयका साथ परिवारका सदस्य वैदेशिक रोजगारीमा जाने हुंदा निजले विदेशी मुलुकमा काम गरी आर्जन गरेको रकम औपचारिक वैंकिङ प्रणाली मार्फत मात्र पठाउन आग्रह गरौं ।

ग) वैदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित बनाउने मुख्य अभिप्रायले नेपाल सरकार कार्यविभाजन नियमावली बमोजिम केन्द्रीयस्तरमा श्रम तथा रोजगार मन्त्रालय कार्यरत निकाय हो र यस मन्त्रालय मातहत प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्य गर्नका लागि क्रमश: वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड कार्यरत रहेका छन् । उल्लेखित निकायहरुले बेलाबेलामा वैदेशिक रोजगारका विषयमा विभिन्न सूचना तथा जानकारीहरु प्रकाशन गरिरहने हुँदा उक्त निकायहरुको माथि उल्लेखित वेभसाइटको ठेगानामा वेलावखत सम्पर्कमा रहिरहऔं ।

घ) वैदेशिक रोजगारीमा गएका कामदारहरुले पठाएको विप्रेषणले नेपालको अर्थतन्त्रमा कुल गार्हस्थ उत्पादनको झण्डै एक तिहाई हिस्सा ओगटेको अवस्थामा यसरी आफ्ना परिवारका सदस्यले विदेशी मुलुकबाट पठाएको रकम अनुत्पादक क्षेत्रमा खर्च नगरी उत्पादन तथा रोजगारी सिर्जना हुने क्षेत्रमा मात्र खर्च गर्ने संस्कारको थालनी आजैदेखि आफैबाट शुरु गरौं ।

ङ) वैदेशिक रोजगारीमा गएका अधिकांश कामदारहरु बढी भन्दा बढी रकम आर्जन गर्ने अभिलाषाले आफ्नो स्वास्थ्य स्थितिको ख्यालै नगरी आफू प्रतिकूलको काममा खटिने पनि सुन्नमा आएको छ । "**स्वास्थ्य नै धन हो**" भन्ने तथ्यलाई ध्यानमा राखी आफ्नो स्वास्थ्यप्रति सदैव सचेत रहेर मात्र काम गर्न रोजगारीका लागि विदेश गएका आफ्ना परिवारका सदस्यलाई निरन्तर सल्लाह/सुझाव दिइरहऔं ।

च) हिजोआज वैदेशिक रोजगारमा गएका कामदारहरु धुम्रपान, मद्यपान, लागुपदार्थको प्रयोग जस्ता कुलतमा फसेका घटनाहरु पनि प्राय: सुन्नमा आइरहेको छ । जसको कारण एकातर्फ परिवारबाट अलग रही विदेशमा दुःख गरी कमाएको रकमको कुनै उपादेयता नहुने तथा अर्कोतर्फ सम्बन्धित मुलुकको कानूनद्वारा नै कामदारहरु कारवाहीमा परी आजीवन कारावास तथा मृत्युदण्डसम्मको सजाय समेत दिएको जानकारी आउने गरेको हुँदा यस्ता किसिमका कार्यमा कुनै पनि हालतमा संलग्न नहुन रोजगारका लागि विदेश गएका आफ्ना परिवारको सदस्यलाई निरन्तर सचेत गराइरहऔं ।

छ) आफ्नो परिवारको जीवनस्तर नै उकास्ने मुख्य ध्येयले प्राय:परिवारका मुली सदस्य नै वैदेशिक रोजगारीमा जाने हुदा निज (मुली) को अनुपस्थितीमा रोजगारीका लागि विदेश गएका व्यक्तिका घरपरिवार कुशल अभिभावकत्वको अभावका कारण अव्यवस्थित र अमर्यादित भएका घटनाहरु बारम्बार सुन्नमा आइरहेका छन् । यस्तो अवस्था आउनै नदिनका लागि स्वदेशमा नै रहेका परिवारका अन्य सदस्यहरुले स्थापित सामाजिक मूल्यमान्यता प्रति सदैव सजग रही आफ्नो कर्तव्य इमान्दारिपूर्वक पालना गरौं ।

**(स्वदेश मै रोजगार, गर्वको आधार)**

नेपाल सरकार

# श्रम तथा रोजगार मन्त्रालय

## वैदेशिक रोजगारमा जाने/गएका व्यक्तिका परिवारका लागि लक्षित सचेतनामूलक हातेपुस्तिका

**२०७४**




नेपाल सरकार
**श्रम तथा रोजगार मन्त्रालय**
सिंहदरवार, काठमाडौं ।
फोन नं. ०१-४२११९६३, ०१-४२११९९१
फ्याक्स: ९७७-०१-२४११८७७
वेवसाइट: www.mole.gov.np
इमेल: info@mole.gov.np

## श्रम तथा रोजगार मन्त्रालयको संक्षिप्त परिचय :

श्रम तथा रोजगार मन्त्रालयको स्थापना मिति २०६९।०२।०५ मा भएको हो । आन्तरिक श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, रोजगारीका लागि उपयुक्त र आवश्यक जनशक्तिको विकास, श्रमको क्षेत्रमा सुरक्षा र स्वास्थ्यको प्रवर्द्धन, बालश्रम निवारण लगायतका काम मन्त्रालयबाट हुँदै आएको छ । वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सीप र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्द्धनगर्नु पनि यस मन्त्रालयको दायित्वको रुपमा रहेको छ ।

विशेषत: वैदेशिक रोजगारमा जाने र गएका व्यक्तिका परिवारलाई लक्षित गरी बैदेशिक रोजगार विषयका संदेशमूलक सामग्रीहरु मुलुकका केन्द्र देखि वडातह सम्म व्यापकरुपमा पुऱ्याई सचेतना अभिबृद्धि गर्न यो हातेपुस्तिका तयार गरिएको हो ।

## वैदेशिक रोजगारमा जाने व्यक्तिका परिवार लक्षित सन्देशमूलक सूचना

क) आफ्ना परिवारका सदस्यलाई सकभर वैदेशिक रोजगारमा नगई स्वदेशमा नै उद्यम गरी स्वावलम्बी र आत्मनिर्भर हुन अभिप्रेरित गरौं ।

ख) आफ्नो परिवारका सदस्य वैदेशिक रोजगारीमा जानै पर्ने अवस्था आएमा घरपरिवारका सबै सदस्यसंगै बसी वैदेशिक रोजगारीमा जान लाग्ने अनुमानित लागत, त्यसबाट प्राप्त हुने प्रतिफल, आफ्नो परिवारको आर्थिक तथा घरायसी स्थितिलगायत सबै विषयमा अनिवार्यरुपमा घरसल्लाह गरी मानसिकरुपमा तयार होऔं ।

ग) वैदेशिक रोजगारमा जान चाहने परिवारको सदस्य कुन मुलुकमा रोजगारका लागि जान इच्छुक हो ? उक्त मुलुक वैदेशिक रोजगारका लागि नेपाल सरकारले खुला गरेको छ/छैन, सो मुलुकको रोजगारीको अवस्था, त्यहाँको रहनसहन, रीतिरिवाज, जान चाहने सदस्यसँग भएको सीपलगायत समग्र पक्षका बारेमा घरपरिवारका सबै सदस्य सँगै बसी परिस्थितिको सामुहिक मूल्यांकन गरी रोजगारीमा जानका लागि छनौट गरेको मुलुकमा रोजगारी गर्न जाने/नजाने विषयमा निधो गरौं ।

घ) वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहितको संरक्षण गर्नका लागि वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ कार्यान्वयनमा रहेको छ । उक्त ऐन तथा नियमावलीले विदेशी मुलुकमा वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने तरिका, प्रकृया लगायतका प्राय: सबै विषयमा प्रष्ट पारेको हुँदा उल्लेखित ऐन तथा नियमावलीको राम्रोसँग अध्ययन गरेर मात्र वैदेशिक रोजगारीको प्रकृया अघि बढाउन वैदेशिक रोजगारमा जान चाहने आफ्ना परिवारका सदस्यलाई सम्झाई बुझाई गरौं ।

ङ) अनिवार्यरुपमा सीप सिकेर मात्र वैदेशिक रोजगारमा जानका लागि आफ्नो परिवारका सदस्यलाई उत्प्रेरित गरौं ।

च) वैदेशिक रोजगार विभागबाट इजाजत प्राप्त म्यानपावर कम्पनीले नेपाल सरकारले रोजगारीका लागि खुला गरेको विदेशी मुलुकमा कामदार लैजानका लागि प्रकाशित गरेको सूचना राम्रोसँग अध्ययन गरी प्रकाशित सूचना बमोजिमको काम, आफ्ना परिवारका सदस्यसँग भएको सीप, प्राप्त गर्ने तलब/सेवा सुविधा लगायतका विषयमा राम्रोसँग बुझेर मात्र वैदेशिक रोजगारीको प्रकृया अघि बढाउन सल्लाह दिऔं । यसरी प्रकाशित सूचनाका बारेमा शंका लागि थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभागको ठेगानामा सम्पर्क गरी प्रष्ट हुन वैदेशिक रोजगारमा जान चाहने आफ्ना परिवारका सदस्यलाई सम्झाऔं ।

छ) वैदेशिक रोजगारीमा जान चाहने आफ्ना परिवारका सदस्यसँग भएको सीप तथा अन्य विषय मिल्दोजुल्दो भएमा मात्र आवेदनको प्रकृया इजाजत प्राप्त मेनपावर कम्पनीमार्फत अघि बढाउन सल्लाह/सुझाव दिऔं । वैदेशिक रोजगारमा जानका लागि लाग्ने लागतका बारेमा प्रष्टरुपमा बुझी नियमानुसार तिर्नु वा बुझाउनु पर्ने रकम सम्बन्धित मेनपावर कम्पनीको आधिकारिक कार्यालयमा नै बुझाइ सो को भर्पाई अनिवार्यरुपमा लिने सल्लाह वैदेशिक रोजगारीमा जान चाहने आफ्ना परिवारका सदस्यलाई जानकारी गराऔं ।

ज) वैदेशिक रोजगारीमा जान चाहने आफ्ना परिवारका सदस्यले आवेदन गरेको मेनपावर कम्पनीले प्रकाशित गरेको सूचना बमोजिम अन्तर्वार्ता लगायत अन्य विषयमा बोलाएका वखत सूचनामा उल्लेखित कागजातहरु लिई मेनपावर कम्पनीमा वैदेशिक रोजगारीमा जान चाहने सदस्यलाई अन्य व्यक्ति मार्फत नभई स्वयम् उपस्थित हुन सल्लाह दिऔं ।

झ) अन्तर्वार्ता उत्तीर्ण भइसके पश्चात वैदेशिक रोजगारीमा जान चाहने कामदारले अनिवार्यरुपमा श्रम तथा रोजगार मन्त्रालयबाट सूचिकृत स्वास्थ्य संस्थाबाट आफ्नो स्वास्थ्य परीक्षण गराउनु पर्ने प्रावधान रहेको हुँदा नेपाल सरकारबाट सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गर्ने सल्लाह दिऔं ।

ञ) आजाद (फ्रि) भिसामा वैदेशिक रोजगारमा जान हुदैन । यसका लागि वैदेशिक रोजगारमा जान चाहने आफ्ना परिवारका सदस्यलाई वर्किङ भिसामा मात्र वैदेशिक रोजगारीमा जान सल्लाह दिऔं ।

ट) वैदेशिक रोजगारका लागि भिसा प्राप्त भइसकेपछि रोजगारका लागि जाने मुलुकमा जानु अघि जान लागेको मुलुक, गएर गर्ने काम, त्यस मुलुकको रहनसहन, कम्पनीले दिने सेवासुविधा लगायतका सम्पूर्ण विषयको जानकारी दिनका लागि वैदेशिक रोजगार विभागबाट अनुमति लिई सञ्चालनमा रहेका अभिमुखिकरण संस्थाबाट तालिम दिने प्रावधान रहेको हुँदा सो तालिम अनिवार्यरुपमा लिएर मात्र रोजगारीका लागि विदेशी मुलुक प्रस्थान गर्न आफ्ना परिवारका सदस्यलाई सम्झाऔं ।

ठ) वैदेशिक रोजगारमा जानु अघि रोजगारमा जान लागेका आफ्नो परिवारको सदस्यको सम्पूर्ण कागजातहरुको प्रतिलिपि लगायत आवश्यक पर्न सक्ने अन्य सम्पूर्ण कागजातहरु समेतको कम्तीमा एक/एक प्रति प्रतिलिपी घरपरिवारका साथमा राख्न नविर्सिऔं ।

ड) सामाजिक सञ्जाल (फेसबुक, स्काइप, भाइबर आदि) मा सम्पर्क गर्दा कम खर्चिलो पर्ने भएको हुँदा प्रस्थान गर्नु अघि नै आफ्नो र आफ्ना घरपरिवारका सदस्यको नाममा सामाजिक सञ्जालको ठेगाना दर्ज गरी उक्त ठेगानाबाट पनि परिवारसँग निरन्तर सम्पर्कमा रहनका लागि सम्झाऔं ।

ढ) वैदेशिक रोजगारीमा जाने कामदारहरुलाई सहजीकरण गर्नका लागि नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय मातहत काठमाण्डौको बुद्धनगरमा वैदेशिक रोजगार विभागको कार्यालय रहेकोछ । वैदेशिक रोजगारीका विषयमा सबै प्रकारका जानकारी उक्त विभागबाट बुझ्न सकिने हुँदा सो विभागको बारेमा तपसिलमा उल्लेखित ठेगाना अनिवार्यरुपमा रोजगारीका लागि विदेश जान चाहने आफ्ना परिवारका सदस्यलाई सम्झाउन तथा परिवार आफैले समेत राख्न नविर्सिऔं ।

**वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाण्डौं :**

फोन नम्बर :- ०१-४७८२६७१ (महानिर्देशक) ०१४७८२७१०

टोल फि नम्बर :- १६६००१०९९९९
(यस नम्बरमा टेलिफोन गर्दा कुनै शुल्क नलाग्ने)
इमेल :- info@dofe.gov.np
वेभसाइट :- www.dofe.gov.np

ण) वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्ने र सो व्यवसायलाई सुरक्षित,व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार तथा वैदेशिक रोजगार व्यवसायीको हकहितको संरक्षण गर्न आवश्यक कार्य गर्ने प्रयोजन समेतका लागि श्रम तथा रोजगार मन्त्रीको अध्यक्षतामा वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको गठन वैदेशिक रोजगार ऐन,२०६४ ले गरेकोछ र उक्त वोर्डको सचिवालयले वैदेशिक रोजगारका विषयमा सन्देशमूलक सूचना तथा जानकारीहरु निरन्तर प्रकाशित गरिरहन्छ । साथै उक्त सचिवालयले कानूनी प्रकृया अवलम्बन गरी वैदेशिक रोजगारीमा गएका कामदारहरुको हकहित, सेवासुविधा लगायतका क्षेत्रमा कार्य गर्ने भएको हुँदा तपसिलमा उल्लेखित वोर्डको सचिवालयको ठेगाना आफ्नो साथमा नै राखी वैदेशिक रोजगारमा जान चाहने आफ्ना परिवारका सदस्यलाई सम्झाई परिवार आफूले समेत उक्त ठेगाना आफ्नो साथमा राख्न नविर्सिऔं ।

**वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको सचिवालय, नयाँबानेश्वर, काठमाण्डौं**

फोन नम्बर :- ०१-४१०५०६७, ०१४१०५०६८, ०१४१०५०६९

टोल फि नम्बर :- १६६००१५०००५
इमेल :- info@fepb.gov.np
वेभसाइट :- www.fepb.gov.np
(यस नम्बरमा टेलिफोन गर्दा कुनै शुल्क नलाग्ने)